# मिथिला लघुवित्त वित्तीय संस्था लि.
**Mithila Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था मधेश प्रदेश कार्य क्षेत्र भएको)
**केन्द्रीय कार्यालय, ढल्केबर, धनुषा**


प.सं. २०७९/८०
च.नं.: २८४

मिति : २०७९/१०/२१

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा तथा शेयर दाखिल खारेज कारोवार बन्द सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९/१०/२१ गते दिउसो ०३:३० बजे बसेको सञ्चालक समितिको २३३औं बैठकको निर्णय बमोजिम तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि चौधौ बार्षिक साधारण सभा गर्ने भएकोले सोको जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

सभा हुने मिति : २०७९ फाल्गुण १७ गते (तदनुसार मार्च ०१, २०२३) बुधवार ।
समय : बिहान ११:०० बजे ।
स्थान : न्यू बौवा होटल एण्ड गेष्ट हाउसको सभा हल, मिथिला नगरपालिका. - १०, लालगढ, धनुषा ।

**छलफलका विषयहरू**

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने चौधौ वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९ उपर छलफल तथा पारित गर्ने ।

२. आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण एवं सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर लाभांशमा लाग्ने कर प्रयोजनको लागि आ.व. २०७८/०७९ को मूनाफाबाट शेयरधनीहरुलाई २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता शेयर पूँजी रु.१७ करोड ०४ लाख ३७ हजार १७८ दशमलव ७५ को ०.७८९४७३६८१ (दशमलव सात आठ नौ चार सात तीन छ आठ एक) प्रतिशत रकम रु.१३,४५,५५६.६७ (तेह्र लाख पैतालीस हजार पाँच सय छपन्न  दशमलव छ सात मात्र) नगद लाभाँश वितरण गर्ने तथा उक्त रकम संस्थाले बुझाउने प्रस्ताव पारित गर्ने ।

४. बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**(ख) बिशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.१७ करोड ०४ लाख ३७ हजार १७८ दशमलव ७५ को १५ (पन्ध्र) प्रतिशतले हुने रु.२,५५,६५,५७६.८१ (दुई करोड पचपन्न लाख पैसट्ठी हजार पाँच सय छयहत्तर दशमलव आठ एक मात्र) बराबरको बोनश शेयर लाभांश वितरण गर्न स्वीकृत गर्ने र सोहि हदसम्मको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

२. यस वित्तीय संस्थाको चौधौ वार्षिक साधारण सभाबाट हाल सम्म कायम कूल चुक्ता पूँजी रु.१७ करोड ०४ लाख ३७ हजार १७८ दशमलव ७५ को १५ (पन्ध्र) प्रतिशतले हुने रु.२,५५,६५,५७६.८१ (दुई करोड पचपन्न लाख पैसट्ठी हजार पाँच सय छयहत्तर दशमलव आठ एक मात्र) आ.व. २०७८/०७९ को प्रस्तावित बोनश शेयर लाभांश जारी गरे पश्चात यस वित्तीय संस्थाको कूल जारी पूँजी र चुक्ता पूँजी रु.१९ करोड ६० लाख ०२ हजार ७५५ दशमलव ५६ (अक्षरेपी उन्नाइस करोड साठी लाख दुई हजार सात सय पचपन्न रुपैया छपन्न पैसा मात्र) पुऱ्याउन प्रस्ताव पारित गर्ने ।

३. सञ्चालक समितिमा २ जना सञ्चालक (संस्थापक र सर्वसाधारण प्रत्येक समूहबाट १/१ जना) प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने ।


ठेगाना :-मिथिला नगरपालिका-६, धनुषा , फोन नं.०४१-५६०१७२/५६०२१०
Email :-mithilabank@yahoo.com, Website:-mlbbank.com.np

४. यस वित्तीय संस्थाको कार्यक्रमलाई विस्तार गर्न हाल कायम रहेको अधिकृत पूँजी २० करोडमा रु. १० करोड थप गरी जम्मा रु.३० करोड पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

५. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरे बमोजिम (अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक) संशोधन गर्ने ।

६. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायवाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

७. सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु र अन्य समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

८ यस वित्तीय संस्थाको हाल कायम रहेको जारी पूँजी को ६० प्रतिशत संस्थापक शेयरधनी समूहको र ४० प्रतिशत सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व रहेकोमा सो संरचना ५१ प्रतिशत संस्थापक शेयरधनी समूहको र ४९ प्रतिशत सर्वसाधारण शेयरधनी समूहको शेयर स्वामित्व हुने गरी पूँजीको संरचना परिवर्तन गर्ने र सोही बमोजिम संस्थापक समूह र सर्वसाधारण समूहबाट सञ्चालकको प्रतिनिधित्व गर्ने व्यवस्था सम्बन्धी प्रस्ताव पारित गर्ने ।

९. यस वित्तीय संस्था एक वा एक भन्दा बढी उपयुक्त लघुवित्तीय संस्थाहरुसंग एक आपसमा मर्ज (गाभ्ने/गाभिने) वा एक्विजीसन (प्राप्ति गर्ने/गराउने) आवश्यक भएको अवस्थामा सो कार्य गर्न साधारण सभाबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) बिविध ।**

चौधौ साधारण सभा प्रयोजनको लागि मिति २०७९ फाल्गुण ०५ गते शुक्रवार १ दिनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द (Book Close) गर्ने तथा मिति २०७९ फाल्गुण ०५ गते भन्दा अगाडी नेपाल स्टक एक्सचेन्ज लि.मा शेयर कारोवार भई दाखिल खारेज हुन बाँकी रहेका कारोवारहरु यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्सालमा नामसारीको लागि प्राप्त हुन आएको अभिलेखको आधारमा कायम हुने शेयरधनीहरुले मात्र चौधौ साधारण सभामा भाग लिन तथा बोनश शेयर लाभांश प्राप्त गर्नको लागि योग्य हुनेछन् ।

*संलग्न : साधारण सभा प्रयोजनका लागि मिति २०७९/१०/२२ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने सूचना पेज - १*

**बोधार्थ:**

(१) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
(२) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
(३) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाण्ठौं ।
(४) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
(५) श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि., पुतलिसडक, काठमाण्डौं ।
(६) श्री बि.ओ.के क्यापिटल मार्केट लि., नारायणचौर, नक्साल, काठमाण्डौं ।

भवदीय,

महेश कुमार चौधरी
कम्पनी सचिव